# महाशुभ वा महाविनाश

**- स्वामी आनन्द अरुण**

बीसौं शताब्दीमा हजारौं वर्षदेखि अध्यात्मले सत्य स्विकार्दै आएका रहस्यपूर्ण मान्यतामाथि वैज्ञानिकहरूले खोज गरी त्यसमध्ये धेरैमा सत्यता पाएका छन् । यसबारे सबैभन्दा उल्लेखनीय खोज रूसी वैज्ञानिकहरूले गरेको पाइन्छ । भारत, ग्रिस, इजिप्ट तथा रोमका सन्तहरूका शिरको पछाडि एउटा वृत्ताकार आभामण्डल चित्रित गर्ने प्रचलन हजारौं वर्षेखि चलिआएको छ, जसलाई धर्ममा विश्वास नहुनेले कलाकारको कल्पना मात्रै मान्थे । तर सन् १९३९ मा रूसी वैज्ञानिक सिमोन क्रिलियान विशेष क्यामेराद्वारा मानिसको आउराको फोटो लिन सक्षम भए । यसैलाई अझ विकास गर्दै अर्का दुइ रूसी वैज्ञानिकहरू डा. मिखाइल गाइकिन तथा भ्लादिसलाभ मिखाइलोभ्स्कीले विगत शताब्दीको ५० औं दशकमा विद्युतीय यन्त्र बनाए, जसद्वारा परम्परागत चिनिया चिकित्सा पद्धतिले मान्दै आएको हाम्रो शरीरमा हुने ७ सय अकुपन्चर बिन्दुहरूको फोटो लिई त्यी बिन्दुहरूले शरीरको आउरामा ल्याउने परिवर्तनका तथ्य प्रमाणित गरे ।

पृथ्वीको विविध क्रियाकलापमा र्सूयको सबैभन्दा बढी प्रभाव छ । वैज्ञानिकहरू भन्छन्, 'हामी र्सूयकै अंश हौं किनभने यसैबाट उछिट्टिएर बनेको ग्रह पृथ्वीमा बस्ने हाम्रो जीवनप्रणाली र्सूयद्वारा नै पुष्टित र संवर्द्धित छ ।' हिन्दुहरूले र्सूयलाई परम् देवता मान्दै प्रत्येक बिहान र्सूय नमस्कार गर्नु र र्सूयकै आराधनामा आधारित नेपालकै दसैंपछिको दोस्रो महत्त्वपूर्ण पर्व छठ मनाइनु पनि यही सत्यलाई धर्मले पहिल्यै बुझिसकेको देखाउछ ।

७ फेब्रुअरी १८९७ मा जन्मेका अर्का रूसी दार्शनिक तथा वैज्ञानिक अलेक्सान्दर लियोनिदोबिच चिझेभ्स्कीले १९२० का दशकमा अर्को महत्त्वपूर्ण खोज गरे- 'प्रत्येक एघार वर्षा र्सूयको सतहमा ऊर्जाको विशाल विस्फोट हुन्छ, जसले पृथ्वीको समस्त जीवनलाई प्रभाव पार्छ ।' कारण के हो भने यो विस्फोटबाट निस्कने इलेक्ट्रोन र प्रोटोनको विशाल आधी र्सूयबाट निस्केर ब्रहृमाण्डमा फैलिन्छ र विभिन्न ग्रहहरूको असरबाट अझ शक्तिशाली हुदै पृथ्वीमा पनि आइपुग्छ, जसले पृथ्वीको इलेक्ट्रोम्याग्नेटिक फिल्डको सन्तुलन बिग्रिन जान्छ । अझ सूक्ष्म रूपमा भन्ने हो भने यस्तो प्रक्रियाले पृथ्वीको सूक्ष्म आभामण्डल -आउरा)लाई प्रभावित गरी हलनचलन पैदा गरिदिन्छ । यस्तो तीव्र परिवर्तनका बीचमा बस्ने हामीलाई पनि यसले व्यापक प्रभाव पार्छ । पृथ्वीको संचार संजाललाई सोझै प्रतिकूल प्रभाव तथ्य दूरसंचार उपयोग गर्ने सबैलाई राम्ररी नै थाहा छ । प्रत्यक्ष रूपमा यो नदेखिए पनि हाम्रो संवेदना र मानसिकतालाई यसले आन्दोलित गर्छ । त्यसैले पृथ्वीमा हुने महत्त्वपूर्ण घटनाहरू र्सूयबाट प्रभावित हुन्छन् विशेषतः विशाल समूहलाई व्यापक रूपमा प्रभाव पार्ने घटनाहरू जस्तै महामारी, युद्ध, प्राकृतिक विपद् इत्यादि । यसरी र्सूयमा

हुने परिवर्तनहरूले पृथ्वीका वनस्पति र जीवमा आउने परिवर्तनको अध्ययन गर्ने विज्ञानको विकास भयो जसलाई 'हेलियोबायोलोजी' -र्सूयजीव विज्ञान) भनिन्छ ।

चिझेभ्स्की यस खोजमा अझ गहिरिए । तर सन् १९४२ साल उनको लागि दुभाग्य सावित भयो । 'फिजिकल फ्याक्र्टस अफ हिस्टोरिकल प्रोसेस' नामक पुस्तक लेखेबापत उनलाई पक्राउ गरी राज्यविरुद्ध अपराध गरेको र जनतामा भ्रम फैलाएको आरोप लगाई आजन्म कारावासको सजाय दिई स्टालिनले कजाकस्तानको कडा श्रमशिविर 'गुलाग'मा पठाए । स्तालिनको मृत्युपछि राज्यद्वारा श्रमशिविरमा पठाइएका केही महान् वैज्ञानिक र लेखकहरू छुटे । त्यही क्रममा चेझिभ्स्की पनि १६ वर्षो राज्यको दमनबाट मुक्त भई बाहिर आए । रुग्ण भए पनि आफ्ना त्यसपछिका बाकी ६ वर्षउनले र्सूयले पृथ्वी र वायुमण्डलमा पार्ने असरको अध्ययन र खोजमै बिताए । प्रत्येक अद्वितीय प्रतिभाशाली व्यक्ति जसले मौलिक खोजका आधारमा नया कुरा गर्छ, त्यो आफ्नो समयको शासक र पुरोहितको कोपभाजनको सिकार बन्छ नै । अत्यन्त प्रतिभाशाली कवि, लेखक, उपन्यासकार, वैज्ञानिक तथा असंख्य स्वतन्त्र चिन्तकहरू साम्यवादी व्यवस्थाको कोपमा परी साइबेरिया र कजाखस्तानका गुलागमा जीवनका सृजनशील महत्त्वपूर्ण वर्षरूमा यातनाका विषम परिस्थितिहरू सहन नसकी मरेका, विक्षिप्त र विकलांग भएका र असंख्य दारुण कथा रूसको बारम्बार यात्राको दैरानमा सुन्दा हृदय विदीर्ण हुन्छ । यदि उनीहरूले त्यो समय स्वतन्त्ररूपले खोज र अध्ययनमा समर्पित गर्न पाएका भए सायद रूसको आज अर्कै गौरवमय इतिहास हुने थियो र पूरै मनुष्यता सम्पन्न हुने थियो । चिझेभ्स्कीको मृत्युपश्चात् रूसी विज्ञान प्रतिष्ठानले उनका खोजको मूल्यांकन गर्न एक वैज्ञानिक आयोगको गठन गर्‍यो र उनका खोजहरू जीवविज्ञान र चिकित्साशास्त्रका लागि बहुमूल्य सावित भए ।

यसै सर्न्दर्भमा प्रत्येक १२ वर्षा लाग्ने महाकुम्भ मेलाको आफ्नै विशिष्ट महत्त्व छ । जब र्सूय र चन्द्रमा मकर राशिमा प्रवेश गर्छन् र बृहस्पति मेष राशिमा प्रवेश गर्छ, ग्रहहरूको त्यस्तो विशेष योगले मनुष्यको चेतनामा व्यापक प्रभाव पार्छ र मनुष्यको आध्यात्मिक रूपान्तरणको सम्भावनाको ढोका खोल्छ । हिन्दुहरूलाई यो विज्ञानको बोध पुरातन कालदेखि नै छ । हाम्रो जीवनलाई हाम्रो नियन्त्रणमा नभएका असंख्य कुराहरूले सतत् प्रभावित गरिरहेका हुन्छन् । मानिसको स्वयम्कै एक्लो प्रयास मात्र पर्याप्त छैन । तर्सथ यस ब्रह्माण्डमा उत्पन्न हुने विशेष परिस्थितिहरूको बुद्धिमानीपूवक उपयोग गर्न ज्योतिष शास्त्रको विकास भयो । त्यसै अनुरूप गंगा, जमुना र सरस्वतीको संगमस्थल प्रयागमा सन् २००७ को कुम्भमा ५ करोडभन्दा बढी मानिसहरू भेला भई श्रद्धापूवक त्रिवेणीमा स्नान, पूजा अर्चना गरे । हिन्दुहरूको यस्तै अन्तर्बोधलाई अप्रत्यक्ष रूपमा चिझेभ्स्कीले 'हेलियोबायोलोजी'मा प्रमाणित गरेका छन् ।

अध्यात्मवादीहरूको आफ्नै मान्यता छ कि प्रत्येक २५ सय वर्षछि सूर्यले अर्को कुनै महासूर्यको एक पर्रिरमण पूरा गर्छ र त्यसले मनुष्यको चेतनामा एक दूरगामी परिवर्तन ल्याउछ । परिवर्तनका दुइटै सम्भावना हुन्छन् - महाशुभ वा महाविनाशको । यस धार्मिक मान्यतालाई पनि आउने शताब्दीमा कुनै अर्को चिझेभ्स्कीले वैज्ञानिक ढंगले प्रमाणित गर्ला ।

आजभन्दा ५ हजार वर्षूव यस्तै एक महान् रूपान्तरणको घडी आएको थियो । त्यस समयमा श्रीकृष्ण, जैनधर्मका २२ औ तीथंकर नेमिनाथ -जो नातामा कृष्णका काकाका छोरा पर्थे), वेदव्यास, शुकदेव, संजय, विदुर, अद्वितीय महिला द्रौपदी तथा एक मान्यतानुसार योगसूत्रका ग्रन्थकार पतञ्जलि र अन्य अनगिन्ती प्रतिभाशाली व्यक्तिहरू पैदा भए । गीता र महाभारत जस्ता ग्रन्थ लेखिए । श्रीकृष्णले युद्ध रोक्ने अथक प्रयास गर्दागर्दै पनि महाभारत जस्तो भीषण युद्ध भइछाड्यो र भारतवर्षो ढाडै भाचियो । त्यसको २५ सय वर्षछि यस्तै स्थिति बनेको थियो, जब यहा बुद्ध, महावीर, संजय वेठलिपुत्त, मखली गोशालक, आलाकलाम जस्ता बुद्धपुरुष पैदा भए । चीनमा लाउत्स्जु, कन्फ्युसियस, च्वात्सु, लित्जु, ग्रिसमा सुकरात र पाइथागोरस जस्ता प्रज्ञापुरुष पैदा भए । सम्पूर्ण जगत्मा मनुष्यको चेतनाले एक शिखर छोयो, जसको गहिरो प्रभाव आजसम्म छ । त्यसको २५ सय वर्षछि आज हामी त्यस्तै रूपान्तरणकारी क्षणमा उभिएका छौं । यो कालखण्डमा एकसाथ अनेक बुद्धपुरुष पैदा भइरहेका छन् । रामकृष्ण, विवेकानन्द, अरविन्द र परमहंस योगानन्द, कृष्णमूर्ति, रमणमहषि, आनन्दमाई माँ, शिवपुरीबाबा, साईबाबा, दलाई लामा र ओशो इत्यादि । यिनीहरूको सम्मिलित प्रयासले मनुष्यको चेतना एक उचाइ लिन प्रयासरत छ । युद्ध, हिंसा, आतंकवाद, अतिभोगवादी चिन्तन, मादक पदार्थ तथा घातक औषधीहरूमा निर्भर हुदै गएको मनुष्य जीवन, प्रकृतिको अतिदोहन र अविवेकी विकासनीतिले भएको वातावरणीय क्षयबाट यस पृथ्वीको सम्पूर्ण जीवन नै नष्ट हुने सम्भावना पनि बढ्दै गइरहेको छ । हामी एक महान् संक्रमण कालबाट गुज्रिरहेका छौं । पृथ्वी पूरै विनष्ट हुन्छ वा हाम्रो चेतनाको रूपान्तरणबाट सम्पूर्ण पृथ्वी एक परिवार बन्छ, विश्व-सरकारको गठन हुन्छ र हजारौं वर्षेखि हामीले कल्पना गरेको स्वणिर्म काल अवतरित हुन्छ । यसै सन्दर्भमा ओशो भन्छन्, 'टाइम इज र्सट, आइदर वी ëयाव चेन्ज अर भ्याकेट दिस ब्युटिफूल प्लानेट अर्थ ।'